# न्यादी हाइड्रोपावर लिमिटेड
**NYADI HYDROPOWER LIMITED**
Buddha Nagar, Kathmandu, Nepal

## १७औं बार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु
## (निर्णय पुस्तिका)

**(क) पृष्ठभूमि:**

न्यादी हाइड्रोपावर लि.को १७औं वार्षिक साधारण सभा (यसपछि "सभा" भनिएको) मिति २०८१।९।२५ गते (तद्नुसार जनवरी ९, २०२५) का दिन क्वालिटी व्याङक्वेट, बुद्धनगर, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री ओम प्रकाश श्रेष्ठको अध्यक्षतामा सम्पन्न भयो । सभा दिनको ११.०० बजे प्रारम्भ भएको थियो ।

**(१) सभा सम्बन्धी सूचना तथा प्रकाशन:**

सभाको सूचना र कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदनप्रथम पटक मिति २०८१ पौष १ गते कारोबार राष्ट्रिय दैनिकमा र दोस्रोपटक मिति २०८१ पौष २ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरुलाई सभामा भाग लिनका लागि सूचित गरिएको थियो । सो सूचना, संक्षिप्त आर्थिक प्रतिवेदन एवं वार्षिक प्रतिवेदन कम्पनीको वेभसाईट www.nhl.com.np मा हेर्न र डाउनलोड गर्न मिल्ने व्यवस्था गरिएको थियो । सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, सिडिएस तथा क्लियरिङ लि. तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

**(२) उपस्थिति:**

**(अ) शेयरधनी:**

९१ जना (संस्थागत शेयरधनी समेत) शेयरधनीहरुको उपस्थिति रहेको ।

**(आ) संचालक समिति:**

| | |
|---|---|
| १. श्री ओम प्रकाश श्रेष्ठ | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री विजय बहादुर श्रेष्ठ | संचालक |
| ४. श्री विना राणा | संचालक |
| ५. श्री राजिव शर्मा | स्वतन्त्र संचालक |
| ६. श्री मन्दिरा श्रेष्ठ | संचालक |
| ७. श्री सुदिपमान श्रेष्ठ | संचालक |
| ३. श्री उत्तर कुमार श्रेष्ठ | बैकल्पिक संचालक |
| ४. श्री राधेश्याम श्रेष्ठ | बैकल्पिक संचालक |
| ५. श्री हरि ब. बुढाथोकी | कम्पनी सचिव |

**(इ) व्यवस्थापन:**

श्री उत्तम अमात्य — प्रमुख कार्यकारी अधिकृत

(३) **गणपुरक संख्या तथा शेयरसंख्याको प्रतिनिधित्व:**
सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरसंख्या १,५०,००,००० मध्ये १,०७,९०,९१८ शेयर कित्ता (७१.९४%) को प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु १,६१,०९१ मध्ये ९३ जना (संस्थागत शेयरधनी समेत) शेयरधनीहरु उपस्थिति रहनु भएकोले सभाको कार्यवाही संचालनका लागि कम्पनी ऐन वमोजिम गणपुरक संख्या पुगेको थियो ।

(४) **सभाको बैधानिकता निर्धारण:**
शेयरधनीहरुलाई तोकिएको समय भित्रै सभाको सूचना संप्रेषण तथा प्रकाशन गरिएको र कम्पनीको तत्काल कायम चुक्ता पूँजीको ७१.९४% शेयर स्वामित्वको प्रतिनिधित्व हुनेगरी शेयरधनीको उपस्थिती रही सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र सभा रित पूर्वक बोलाइएको ठहर गर्दै सभाले आफ्नो कार्यवाही तथा निर्णय प्रक्रियालाई अगाडि बढाउने निर्णय गऱ्यो । कम्पनी सचिवले सभाध्यक्षको अनुमतिले सभा संचालन गर्नु भयो ।

(ख) **सभामा प्रस्तावहरुको प्रस्तुति तथा छलफल:**
संचालक समितिले पेश गरेका प्रस्तावहरुका विषयमा कम्पनी सचिवले सभा समक्ष जानकारी गराउँदै संचालक समितिको प्रतिवेदन प्रस्तुतिका लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । अध्यक्षज्यूले संचालक समितिको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका प्रस्तावहरुको सूचीमा समावेश भएका विषयहरुमा छलफलका लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भएको थियो । सो क्रममा शेयरधनी लक्ष्मण बहादुर श्रेष्ठ र निरुपमा गुप्ताले लिखितरुपमा सुझावहरु राख्दै कम्पनीमा आर्थिक सुशासन कायम गरी आगामी वर्षहरुमा लाभांश दिन कम्पनी सफल रहोस् भन्ने कामना गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुवाट प्राप्त सुझावहरुका लागि धन्यवाद दिदै कम्पनीले हालको बैकल्पिक प्रशारण प्रवन्धका कारण हालको विद्युत खरिद बिक्रीको सम्झौतालाई "टेक एण्ड पे" वाट "टेक अर पे" मा चालु आ.व. भित्रै परिणत गरिने र अर्को आ.व.वाट विद्युत गृह पूर्णक्षमतामा संचालन गरी सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सफल भई नाफाको स्थितिमा पुगे पश्चात् शेयरधनीहरुलाई प्रतिफल दिन सकिने अवस्था रहेको स्पष्ट पार्नु भयो ।

शेयरधनीहरुका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

(ग) **निर्णयहरु:**

(१) संचालक समितिको तर्फवाट सभाध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०।८१ को वित्तिय विवरणहरु सर्वसम्मतिवाट पारित भयो ।

NYADI HYDRO

(३) लेखापरीक्षण समितिका अध्यक्ष श्री विजय बहादुर श्रेष्ठले श्री पि.एल. श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, काठमाण्डौलाई आ.व. २०८१।८२ को लागि वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन वमोजिमको प्रमाणिकरण कार्य समेत गर्नका लागि लेखापरीक्षक नियूक्त गर्न र निजलाई रु. २,५०,०००।- (अक्षेरुपी दुई लाख पचास हजार रुपैयाँ) मुल्य अभिवृद्धि कर वाहेक लेखापरीक्षण शुल्क निर्धारण गर्नका लागि लेखापरीक्षण समितिले सिफारिस गरेको हुँदा सोही वमोजिम लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्नका लागि प्रस्ताव पेश गर्नु भयो र सभावाट सो प्रस्ताव पारित गर्ने निर्णय भयो ।

४) विविध शिर्षक अर्न्तगत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुँदा सो शिर्षकमा कुनै निर्णय भएन ।

अध्यक्षज्यूले कम्पनीको १७औं वार्षिक साधारण सभामा पेश भएका सबै प्रस्तावहरु पारित भएको घोषणा गर्दै सभा विसर्जन गर्नु भयो । साथै, सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा शेयरधनीलाई धन्यवाद ज्ञापन गर्नु भयो । सो सभा ११.४० वजे समापन भएको थियो ।

(हरि ब. बुढाथोकी)
कम्पनी सचिव

(ओम प्रकाश श्रेष्ठ)
सभाध्यक्ष